स्थानीय सरकार

# मायादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बरैवा, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल।

पत्र संख्या:-०८१/८२

चलानी नम्बर:-

वि.सं: २०८१ माघ २३ गते बुधवार,

नेपाल संवत: ११४५ सिल्लाथ्व अष्टमी - ८

## प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धमा

*(प्रथम पटक प्रकाशित मिति: २०८१/१०/२३)*

मायादेवी गाउँपालिकाको रोजगार सेवा केन्द्रमा प्राविधिक सहायक १ (एक) पद खुला प्रतिस्पर्धाको माध्यमबाट करार सेवामा पदपूर्तिको लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन गरेको मिति १५ दिन भित्र माग बमोजिमका विवरण र गाउँपालिकामा राजश्व बुझाएको रसिद सहित गाउँपालिकाको कार्यालयमा निवेदन पेस गर्न यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | सङ्ख्या |
|---|---|---|---|---|
| १ | १/२०८१-०८२ | प्राविधिक सहायक | स्थानीय सेवाको सहायक पाँचौं तह सरह | १(एक) जना |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभव**

क. नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा सिभिल इन्जिनियरिंङमा प्रवीणता प्रमाण पत्र वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको।

ख. दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको।

ग. आधारभूत कम्प्युटर सिप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको।

घ. **पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरिवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिमाण हासिल गर्न टोलीमा काम गरेको अनुभव पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएकोलाई ग्राहयता दिइनेछ।**

२. **दरखास्त दिने स्थान:-** मायादेवी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रुपन्देही।

३. **दरखास्त दिने अन्तिम मिति:-** २०८१/११/०७ गते कार्यालय समय भित्र यदि सो दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट।

४. **आवेदन दस्तुर:-** रु ५००/-

५. **छनौट किसिम:-** प्रारम्भिक योग्यता क्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा।

६. **आवेदन साथ संलग्न कागजातहरु:-** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरू

क. नागरिकताको प्रतिलिपि

ख. न्यूनतम योग्यताको लब्धाङ्क प्रमाण पत्र

ग. चारित्रिक प्रमाण पत्र

घ. कामसँग सम्बन्धित अनुभव सम्बन्धी कागजात

ङ. तालिमको प्रमाण पत्र

च. २ प्रति पासपोर्ट साइजको फोटो

७. **सेवा सुविधा तथा अन्य:-** स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ।

८. आवेदनको ढाँचा र प्राविधिक सहायक पदपूर्ति पदको पाठ्यक्रम लगायत पदपूर्ति सम्बन्धी अन्य जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रम www.pmep.gov.np तथा मायादेवी गाउँपालिकाको वेबसाइटबाट प्राप्त गर्न सकिनेछ।

**सम्पर्क नम्बर: ९८४७२६७२३९ / ९८५७०४९७१८**

२०८१/१०/२३

लेखनाथ पोखरेल

**प्रमुख प्रशासकीय अधिकृत**

लेखनाथ पोखरेल
प्रमुख प्रशासकीय अधिकृत